# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड


साविकको नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने, काठमाडौं, फोन नं.०१–४१११८२८, Website : www.skbbl.com.np


## सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०९/२२ गते)

यस वित्तीय संस्थाको मिति २०७५ पौष २१ गते बसेको सञ्चालक समितिको ३३१औं बैठकको निर्णयानुसार संस्थाको सत्रौं वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७५ माघ १८ गते (February 1, 2019) शुक्रबार

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**छलफलका विषयहरू:**

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ.व.२०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
(कम्पनी ऐन २०६३ को दफा १६५(१)(घ) बमोजिम लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) आ.व. २०७४/७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु.६२,८८,२७,९२९.६९ को १.३१७ प्रतिशतले हुने रु.८२,७४,०५१/७१ (अक्षेरेपी बयासी लाख चौहत्तर हजार एकाउन्न रुपैयाँ एकहत्तर पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी सञ्चालक समतिको प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (क) को देहाय (१)(२) बमोजिम संस्थापक समूह 'क' बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरूमध्येबाट एक जना र संस्थापक साना किसान कृषि सहकारी संस्था लि.हरू मध्येबाट एक जना महिला सहित तीन जना गरी जम्मा चार (४) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव :

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु.६२,८८,२७,९२९.६९ को २५ प्रतिशतले हुने रु.१५,७२,०६,९८२/४२ (अक्षरेपी पन्ध्र करोड बहत्तर लाख छ हजार नौ सय बयासी रुपैयाँ बयालिस पैसा मात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) विविध :

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव,
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी**

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ संस्थाको शेयरधनी दर्ता किताब मिति २०७५/१०/०३ देखि २०७५/१०/१८ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७५/१०/०२ गतेसम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले यो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कथंकदाचित सो सम्भव नभए शेयर धनी प्रमाणपत्र वा डिम्याट नं. साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन । शान्ति–सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा यथासक्य झोला, ब्याग जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ ।

(३) शेयरधनी महानुभावहरूको सुबिधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभासम्बन्धी अन्य जानकारीहरू संस्थाको वेबसाईट www.skbbl.com.np मा समेत उपलब्ध छ । साथै यस सम्बन्धी विवरणहरू संस्थाको केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने काठमाडौं तथा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

(४) शेयरधनी महानुभावहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईने छ ।

(५) शेयरधनी महानुभावहरूलाई छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तरगत संस्था सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयर धनी महानुभावहरूले सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(६) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा २(दुई) दिन अर्थात ४८ घण्टा अगावै संस्थाको निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) दिई पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भएता पनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।

(७) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउने छ । तर संरक्षकले आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरधनीको बाहेक अन्य शेयरधनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ ।

(९) प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति संस्थाको शेयरधनी हुनु पर्नेछ ।

(१०) संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकरर गरिएको व्यक्तिले अथवा शेयरधनीहरूको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

(११) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस वित्तीय सस्थाको शेयर खरिद गरेको अवस्थामा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन, सञ्चालक उम्मेदवारी दिन र मतदान गर्न पाउने छ । तर, संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि.हरूबाट प्रतिनिधि मनोनयन भई आएका व्यक्तिको हकमा भने निज प्रतिनिधि सम्बन्धित साना किसान कृषि सहकारी संस्था लि.को शेयरधनी रहेको हुनु पर्नेछ ।

(१२) सञ्चालक पदमा उम्मेदवार हुन चाहने संस्थापक शेयरधनीले आफ्नो नाममा कम्तिमा १०० कित्ता शेयर लिएको हुनुपर्छ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी उम्मेदवारले अन्य उम्मेदवारको प्रस्तावक र समर्थक हुन सक्ने छैन ।

(१३) यस संस्थाको संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ४ (चार) को निर्वाचन सम्बन्धी कार्यक्रम प्रमुख निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ । उक्त सूचना बैंकको केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने, काठमाडौंमा टाँस गरिनुका साथै सोको जानकारी बैंकको वेबसाईट www.skbbl.com.np मा समेत उपलब्ध छ ।

(१४) समूह "क" संस्थापक शेयरधनी मध्ये साना किसान कृषि सहकारी संस्था लि.को हकमा यस संस्थाको सत्रौं वार्षिक साधारण सभामा भाग लिने तथा निर्वाचन प्रकृयामा उम्मेदवारी/मतदान समेत गर्ने प्रयोजनका लागि सम्बन्धित संस्थापक शेयरधनी संस्थाको सञ्चालक समितिले सो संस्थाको शेयरधनी मध्येबाट प्रतिनिधि मुकरर गरी पठाएको हुनु पर्नेछ । निज प्रतिनिधिले आफूसँग नागरिकताको प्रमाण पत्र वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी र सो संस्थामा आफूले लिएको शेयर प्रमाण पत्रको प्रतिलिपी साथै लिई आउनु पर्नेछ । इच्छुक प्रतिनिधिले निर्वाचन कार्यक्रममा तोकिएको अबधिभित्र तोकेको प्रमुख निर्वाचन अधिकृत समक्ष आफनो उम्मेदवारी दर्ता गर्नु पर्नेछ । समूह 'क' संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरू मध्येबाट यस सभामा भाग लिन तथा निर्वाचन प्रकृयामा उम्मेदवारी/मतदान समेत गर्ने प्रयोजनका लागि उक्त बैंकहरूको आन्तरिक नियम अनुसार सञ्चालक समिति वा अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृतले तोकेको प्रतिनिधिले आधिकारिक पत्र तथा परिचयपत्र/नागरिकता प्रमाणपत्रको प्रतिलिपी साथ सभामा भाग लिन/मतदान गर्न सक्नेछ । उम्मेदवारी दिनु परेमा प्रमुख निर्वाचन अधिकृतले तोकेको ढाँचा र समयमा उम्मेदवारी दर्ता गर्न सकिने छ ।

(१५) यस संस्थाको समूह "क" संस्थापक शेयर धनी समूहक मध्येबाट निर्वाचित हुने सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७५ यस संस्थाको केन्द्रीय कार्यालय वा ईलाका कार्यालयहरूबाट रु.१०००।– शुल्क तिरी प्राप्त गर्न सक्नु हुनेछ ।

(१६) शेयरधनी महानुभावहरूको सुबिधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि खुला रहने छ ।

(१७) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

## कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण

आदरणीय शेयरधनी महानुभावहरू, यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को सत्रौं वार्षिक साधारणसभाको प्रयोजनार्थ यस लघुवित्त वित्तीय संस्थाको आ.व. २०७४/७५ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत आर्थिक कारोबारको सिंहावलोकन, भविष्यका योजनाहरू र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरू समेत उल्लेख गरी सञ्चालक समितिको निर्णयानुसार देहायको संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन गरिएको छ ।

**लघुवित्त वित्तीय संस्थाको कारोबार तथा वित्तीय स्थिति**

मुलुकको समग्र आर्थिक परिवेशमा भएको विकास र लघुवित्त क्षेत्रमा तीब्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो लघुवित्त वित्तीय संस्था लघुवित्तको सेवा विस्तार गर्दै वित्तीय स्थितिमा उल्लेखनीय सुधार गर्न सफल भएको छ । यस लघुवित्त वित्तीय संस्थाले आ.व. २०७४/७५ मा ३१,३०६ थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ६,६४,४७० परिवारलाई लघुवित्त सेवा पुर्‍याउन सफल भएको छ । अघिल्लो आ.व.सम्म यस लघुवित्त वित्तीय संस्थामा कुल ६५५ सहकारीहरू आवद्ध रहेकामा सो संख्या ६८० पुगेको छ ।

आ.व. २०७३/७४ को अन्तमा कुल लगानीमा रहेको रकम रु.१३ अर्ब ७७ करोड ५८ लाख रहेकोमा समीक्षा वर्षमा उत्साहजनक रुपमा २०.७४ प्रतिसतले वृद्धि भई २०७५ साल आषाढ मसान्तमा रु.१६ अर्ब ६३ करोड ३३ लाख पुगेको छ । साथै आ.व. २०७३/७४ मा रु.११ अर्ब ९७ करोड ३५ लाख कर्जा लगानी गरेकोमा समीक्षा वर्षमा २५ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ५१ लाख एवं कर्जा असुलीमा समीक्षा वर्षमा ३४ प्रतिशतले वृद्धि भई कर्जा असुली रु.१२ अर्ब १० करोड ८८ लाख पुगेको छ ।

आ.व. २०७३/७४ मा कुल सञ्चालन आम्दानी रु.६३ करोड ९७ लाख रहेकोमा आ.व. २०७४/७५ मा १७.४८ प्रतिशतले वृद्धि भई रु.७५ करोड १५ लाख पुगेको छ । साथै आ.व. २०७३/७४ मा खुद मुनाफा रु.३३ करोड ०८ लाख रहेकोमा आ.व. २०७४/७५ मा १८.८४ प्रतिशतले वृद्धि भई रु.३९ करोड ३१ लाख पुगेको छ । २०७५ आषाढ मसान्तमा बैंकको संचित नाफा रु.३२ करोड ०९ लाख रहेको थियो । सञ्चालक समितिबाट साधारणसभा समक्ष आ.व.२०७४/७५ को खुद मुनाफाको जगेडा तथा कोष व्यवस्था पश्चात् मध्येबाट रु.१५,७ २,०६,९८२/४२ (अक्षरेपी पन्ध्र करोड बहत्तर लाख छ हजार नौ सय बयासी रुपैयाँ बयालिस पैसा मात्र) बराबरको बोनस शेयर र रु.८२,७४,०५१/७१ (अक्षेरेपी बयासी लाख चौहत्तर हजार एकाउन्न रुपैयाँ एकहत्तर पैसामात्र) नगद लाभांश (कर प्रयोजनका लागि) वितरणका लागि प्रस्ताव गरिएको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर सञ्चालक समितिबाट प्रत्युत्तर पठाए पश्चात् मिति २०७५/०८/०९ मा प्राप्त यस संस्थाको लेखापरीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरणको सारांश तालिका–१, २ र ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१ वासलात**

| क्र.सं. | विवरण | २०७५ असार | २०७४ असार | वृद्धि/(ह्रास) | २०७५ असोज[क] |
|---|---|---|---|---|---|
| १ | शेयर पुँजी | ७८६,०३४,९१२।११ | ६२८,८२७,९२९।६९ | २५.००% | ६२८,८२७,९२९।६९ |
| २ | जगेडा तथा कोषहरू | १,१८४,५७६,२८७।८४ | ९७८,७१२,८५९।०३ | २१.०३% | १,४८६,२७८,१८२।९१ |
| ३ | ऋणपत्र तथा बन्ड | ० | ० | | ०।०० |
| ४ | तिर्न बाँकी कर्जा सापट | १५,७४३,०१२,४१७।२० | ११,९४९,५५०,५०७।३४ | ३१.७५% | १५,९३३,८११,६४७।६८ |
| ५ | निक्षेप दायित्व | ० | ० | | ०।०० |
| ६ | प्रस्तावित नगद लाभांश | ८,२७४,०५१।७१ | ६,६१९,२४१।३७ | २५.००% | ०।०० |
| ७ | आयकर दायित्व | ०।०० | ९,५१४,२३५।६० | –१००.००% | ५०,५९०,७१७।०३ |
| ८ | अन्य दायित्व | १,५०३,२२३,४०२।५८ | १,१५१,८३७,५२२।८० | ३०.५१% | १,४७१,३४१,५१२।८४ |
| | कुल पुँजी तथा दायित्व | १९,२२५,१२१,०७१।४४ | १४,७२५,०६२,२९५।८३ | | १९,५७०,८४९,९९०।१५ |

| क्र.सं. | विवरण | २०७५ असार | २०७४ असार | वृद्धि/(ह्रास) | २०७५ असोज[क] |
|---|---|---|---|---|---|
| १ | नगद मौज्दात | २६२,९०५।०० | ०।०० | १००.००% | ४५,८५०।०० |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७८,०००,०००।०० | ६२,५००,०००।०० | २४.८०% | ८१,५००,०००।०० |
| ३ | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १,०४०,९२०,३७९।०१ | २५६,३११,३०४।३५ | ३०६.१२% | ५२०,७८६,०५७।३१ |
| ४ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | १,२८३,३३२,३०९।८९ | ३४०,२८७,२२०।११ | २७७.१३% | १,६८०,६३६,५१०।०० |
| ५ | लगानी | ९८,१७१,२००।०० | १७८,१७१,२००।०० | –४४.९०% | १,००६,१७१,२००।०० |
| ६ | कर्जा सापट[ख] | १६,६३३,२५३,०९०।६३ | १३,७७५,८२५,८२७।२० | २०.७४% | १६,१८१,४७२,१७२।८४ |
| ७ | स्थीर सम्पत्ति | १६,०२९,४५२।५२ | १८,०२८,००६।९९ | –११.०९% | १६,४५१,५९०।०० |
| ८ | गैर बैंकिङ्ग सम्पत्ति | ० | ० | | ०।०० |
| ९ | अन्य सम्पत्ति | ७५,१५१,७३४।३९ | ९३,९३८,७३७।१८ | –२०.००% | ८३,७८६,६१०।०० |
| | कुल सम्पत्ति | १९,२२५,१२१,०७१।४४ | १४,७२५,०६२,२९५।८३ | | १९,५७०,८४९,९९०।१५ |

क. आ.व.२०७५/७६ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत विवरण ।

ख. सम्भावित नोक्सानी व्यवस्था घटाई खुदमा प्रस्तुत गरिएको ।

**तालिका-२ नाफा नोक्सान हिसाब**

| विवरण | २०७५ असार | २०७४ असार | वृद्धि/(ह्रास) | २०७५ असोज[क] |
|---|---|---|---|---|
| १. ब्याज आम्दानी | १,६०६,०६९,२५८।३२ | १,०९०,१४०,८३५।०९ | ४७.३३% | ४७०,५२१,५५०।०० |
| २. ब्याज खर्च | ८५४,९९०,९७२।४९ | ४५१,४९०,९०५।१५ | ८९.३७% | २५२,४६७,१२०।०० |
| **खुद ब्याज आम्दानी** | ७५१,०७८,२८५।८३ | ६३८,६४९,९२९।९४ | १७.६०% | २१८,०५४,४३०।०० |
| ३. कमिशन तथा अन्य संचालन आम्दानी | ३८२,७९०।२५ | १,०१४,६३५।०३ | –६२.२७% | ३६२०० |
| ४. सटही घटबढ आम्दानी | – | – | ०.००% | |
| **कूल सञ्चालन आम्दानी** | ७५१,४६१,०७६।०८ | ६३९,६६४,५६४।९७ | १७.४८% | २१८,०९०,६३०।०० |
| ५. कर्मचारी खर्च | ५५,७७३,७९०।०२ | ५३,८८३,०३९।९० | ३.५१% | १३,९६८,४००।०० |
| ६. अन्य सञ्चालन खर्च | ४०,२५८,८२१।५९ | ३१,९७५,८०७।८४ | २५.९०% | ५,२५३,३००।०० |
| ७. सटही घटबढ नोक्सान | – | – | ०.००% | |
| **सम्भावित नोक्सानी अघिको सञ्चालन मुनाफा** | ६५५,४२८,४६४।४७ | ५५३,८०५,७१७।२३ | १८.३५% | १९८,८६८,९३०।०० |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरू | ३८,८६१,३२२।४८ | ३५,४८८,९६३।९१ | ९.५०% | ६,४४१,०७०।०० |
| सञ्चालन मुनाफा | ६१६,५६७,१४१।९८ | ५१८,३१६,७५३।३२ | १८.९६% | १९२,४२७,८६०।०० |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | १,००२,९५९।७४ | १,३६६,४८४।१९ | –२६.६०% | ० |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | – | – | ०.००% | ० |
| **नियमित कारोबारबाट भएको मुनाफा** | ६१७,५७०,१०१।७२ | ५१९,६८३,२३७।५१ | १८.८४% | १९२,४२७,८६०।०० |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | – | – | ०.००% | ० |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | ६१७,५७०,१०१।७२ | ५१९,६८३,२३७।५१ | १८.८४% | १९२,४२७,८६०।०० |
| १२. कर्मचारी बोनस व्यवस्था | ५६,१४२,७३६।५२ | ४७,२४३,९३०।६८ | १८.८४% | १७,४९३,४४०।०० |
| १३. आयकर व्यवस्था | १६८,३६३,६७३।६५ | १४१,६८०,०१५।०९ | १८.८३% | ५२,४८०,३३०।०० |
| यस वर्षको कर व्यवस्था | १६९,४१९,२२८।८६ | १४३,७६५,८६४।६७ | १७.८४% | |
| विगत वर्षसम्मको कर व्यवस्था | – | – | ०.००% | |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | ९१,०५५,५५५।२१० | ९२,०८५,८४९।५८० | –४९.३९% | |
| खुद नाफा/नोक्सान | ३९३,०६३,६९१।५५ | ३३०,७५९,२९१।७५ | १८.८४% | १२२,४५४,०९०।०० |

क. आ.व.२०७५/७६ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत विवरण ।

तालिका–३ मा महत्वपूर्ण वित्तीय सूचकहरू प्रस्तुत गरिएको छ ।

**तालिका-३ केही महत्वपूर्ण वित्तीय सूचकहरू**

| क्र.सं. | विवरण | सूचकाङ्क | आ.व.७४/७५ | आ.व.७३/७४ |
|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | २४.४७ | ३०.३१ |
| २ | प्रति शेयर आम्दानी | रु. | ५०.०१ | ५२.६० |
| ३ | ब्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १०.१५ | ८.५७ |
| ४ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ५.६३ | ९.५१ |
| ५ | कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ५.७३ | ३.८८ |
| ६ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १००.६६ | ८७.६८ |
| ७ | खुद नाफा/कुल सम्पत्ति | अनुपात | २.०४ | २.२५ |
| ८ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ५.१५ | ३.८९ |
| ९ | बुक नेटवर्थ (प्रति शेयर) | रु. | २५०.७० | २५५.६४ |

**चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको प्रगति**

आ.व.२०७४/७५ को असोज मसान्तमा आयकर र बोनस व्यवस्था पछिको नाफा रु.८ करोड २० लाख रहेकोमा चालु आ.व. २०७५/७६ को असोज मसान्तमा रु.१२ करोड २५ लाख हुन गएको छ । २०७४ को असोजमा खुद कर्जा तथा सापट रु.१४ अर्ब २६ करोड ४९ लाख रहेकोमा २०७५ साल असोज मसान्तसम्ममा रु.१६ अर्ब १८ करोड १५ लाख पुगेको छ । २०७४ को असोजमा कुल निष्क्रिय कर्जाको प्रतिशत ०.१२ प्रतिशत रहेकोमा सोमा सुधार भै २०७५ साल असोज मसान्तमा ०.१० प्रतिशत भएको छ । चालु आर्थिक वर्षको असोज मसान्तसम्मको आर्थिक विवरण तालिका–१ र २ मा समावेश छ ।

**भविष्यका योजनाहरू**

यस लघुवित्त वित्तीय संस्थाको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् ।

(१) कृषिको आधुनिकीकरण एवं व्यवसायिकरणका लागि कृषि वित्त परिचालन गर्ने मुलुककै अग्रणी संस्था बन्न आवश्यक नीतिगत पैरवी गर्ने एवं पूर्वाधार विकास गरिने छ ।

(२) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरूमा सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

(३) आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्बासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुशरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

(४) नेपाल सरकारको सहयोगमा ग्रामीण तथा दुर्गम क्षेत्रमा कृषि वित्तीय पहुँच अभिवृद्धि गर्न स्वावलम्बन कर्जा कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

(५) किसानका लागि उन्नत बीउविजन कार्यक्रम अन्तर्गत पश्चिमाञ्चलका दुई जिल्ला गुल्मी र अर्घाखाँची तथा मध्य पश्चिमाञ्चलका ५ वटा जिल्ला रोल्पा, प्यूठान, सल्लान, पश्चिम रुकुम तथा पूर्वी रुकुम गरी ७ वटा जिल्लामा निर्माण भएका साना किसान सहकारी संस्था मार्फत कृषि कर्जा कार्यान्वयन गरिने छ ।

(६) सक्षम एक्सेस–टु फाइनान्स परियोजनासँगको सहकार्यमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा इलाका कार्यालय स्थापना गरी सो क्षेत्रमा थप ४० वटा संस्था निर्माण गर्ने तथा देशभरिका २५० वटा साना किसान सहकारी संस्थाहरूमा डिजिटाइजेसन गर्ने कार्यलाई कार्यान्वयन गरिने छ ।

(७) विपन्न तथा साना किसानहरूलाई कृषि मूल्य शृङ्खलाका विविध पक्षहरूमा सहभागी गराई सहकारी कृषि प्रशोधनशाला स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरूसँग समन्वय गरिने छ ।

(८) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुर्‍याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईने छ ।

(९) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईने छ ।

(१०) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुर्‍याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिने छ ।

(११) कार्यक्षेत्र भित्रका विपन्न तथा साना किसान परिवारमा सुधारिएको चुल्हो, सौर्य उर्जा र गोबरग्यास जस्ता नवीकरणीय उर्जाको विस्तारलाई निरन्तरता दिईने छ ।

(१२) बिपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवं पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधि सञ्जाल स्थापनाको प्रयास गरिने छ ।

(१३) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको श्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै बैंकको मुनाफामा वृद्धि गरी शेयरधनीहरूलाई यथोचित प्रतिफल उपलब्ध गराइने छ ।

(१४) नेपाल सरकारको सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिने छ ।

(१५) दोस्रो साना किसान सम्मेलन यही २०७५ फाल्गुण १६ र १७ गते काठमाडौंमा आयोजना गरिने छ ।

## लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरू तथा नेपाल राष्ट्र बैंकबाट निर्देशन भएका बुँदाहरू सम्बन्धमा सञ्चालक समितिको निर्णय:

लेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियतहरू प्रत्येक वर्षमा सुधार गरिदै आएको छ । सो प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकबाट निर्देशन भएका बुँदाहरू पालना गर्ने सम्बन्धमा यस समितिको प्रतिक्रिया एवं प्रगति निम्न बमोजिम रहेको छ:

- यस संस्थाको लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि–२०६६ दफा १६.२.३ मा व्यवस्था भए बमोजिम साझेदार संस्थाहरूले आफ्ना सदस्यलाई कर्जा लगानी गर्दा गराएको तमसुकको एक प्रति धितोको रुपमा इलाका कार्यालयमा सम्बन्धित इलाका कार्यालयमा राख्ने व्यवस्था मिलाइने छ ।
- संस्थाले सम्पत्ति सामानको उचित व्यवस्थापन गर्नका लागि उचित प्रविधि (Software लगायत अन्य) को प्रयोग गरी सम्पत्ति सामानहरुको रेकर्ड तथा व्यवस्थापन चुस्त दुरुस्त बनाउने व्यवस्था मिलाइने छ ।
- नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७५ को निर्देशन नं १२ को बुंदा न. १.२ बमोजिम नया कर्जा स्वीकृत भएको महिना समाप्त भएको मितिले १५ दिन भित्र कर्जा सुचना केन्द्रमा विवरण पठाउनका लागि Software Testing को प्रकृयामा रहेको र उक्त Software लागू भएपश्चात् विवरणहरू समयभित्र पठाउने व्यवस्था मिलाइने छ ।
- संस्थापक शेयरधनी संस्थाहरूबाट आवश्यक सम्पूर्ण प्रतिवेदन तथा कागजातहरू समयमै लिई फाइल अद्यावधिक गर्न यस वित्तीय संस्थाका सम्पूर्ण ईलाका कार्यालयहरूलाई निर्देशन दिईसकिएको छ ।
- नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन नं. ६.२(थ) बमोजिम सञ्चालक शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि तयार गर्ने क्रममा रहेको छ भने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, परिच्छेद ४ को दफा १४ को उपदफा ३ अनुसारको स्वतन्त्र सञ्चालक यही आ.व. २०७५/०७६ भित्र नियुक्त गरिने छ ।

संक्षिप्त वार्षिक आर्थिक विवरण लेखापरीक्षण भएको वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदन अनुरुप छ । यो सक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको सक्षिप्त विवरण मात्र हो ।


**साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**

साविकको नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)


केन्द्रीय कार्यालय, सुबिधानगर तिनकुने, काठमाडौं, नेपाल